वैठक नं १०७

**आज मिति २०८२ असोज महिनाको ०७ गते नेपाल सम्वत ११४५ कौलाथ्व द्वितीया मंगलबारको दिन विहान २ बजे पालुङ्टार नगरपालिकाका नगर प्रमुख श्री बिवस चिन्तनज्यूको अध्यक्षतामा बसेको कार्यपालिकाको बैठकमा निम्न व्यक्तिहरुको उपस्थितिमा निम्न निर्णय भई सम्पन्न भयो ।**

| सि.नं. | नाम थर | पद | वडा नं. | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | विवस चिन्तन | नगर प्रमुख | पालुङ्टार ४ गोरखा | |
| २ | बन्दना पाण्डे | उप प्रमुख | पालुङ्टार ६ गोरखा | |
| ३ | कृष्ण बहादुर परियार | वडा अध्यक्ष | पालुङ्टार १ गोरखा | |
| ४ | कृष्ण बहादुर थापा मगर | वडा अध्यक्ष | पालुङ्टार २ गोरखा | |
| ५ | रबिन्द अधिकारी | वडा अध्यक्ष | पालुङ्टार ३ गोरखा | |
| ६ | मान बहादुर पौडेल | वडा अध्यक्ष | पालुङ्टार ४ गोरखा | |
| ७ | दीपक पाण्डे | वडा अध्यक्ष | पालुङ्टार ५ गोरखा | |
| ८ | चेत बहादुर गुरुङ | वडा अध्यक्ष | पालुङ्टार ६ गोरखा | |
| ९ | अर्जुन बहादुर कुमाल | वडा अध्यक्ष | पालुङ्टार ७ गोरखा | |
| १० | होप बहादुर नेपाली | वडा अध्यक्ष | पालुङ्टार ८ गोरखा | |

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| ११ | भेज राज पाण्डे | वडा अध्यक्ष | पालुङटार ९ गोरखा | |
| १२ | रिखिराज धौराली | वडा अध्यक्ष | पालुङटार १० गोरखा | |
| १३ | मनिका अधिकारी लिम्बु | कार्यपालिका सदस्य | पालुङटार २ गोरखा | |
| १४ | पार्वती नेपाली | कार्यपालिका सदस्य | पालुङटार २ गोरखा | |
| १५ | मिना सुनार | कार्यपालिका सदस्य | पालुङटार ४ गोरखा | |
| १६ | हर्क बहादुर नेपाली | कार्यपालिका सदस्य | पालुङटार ५ गोरखा | |
| १७ | पम्फा वि.क. सुनार | कार्यपालिका सदस्य | पालुङटार ७ गोरखा | |
| १८ | अर्जुन वि.क. | कार्यपालिका सदस्य | पालुङटार ८ गोरखा | |
| १९ | मिन माया लामा | कार्यपालिका सदस्य | पालुङटार ९ गोरखा | |
| २० | देवि माया योगी | कार्यपालिका सदस्य | पालुङटार १० गोरखा | |
| २१ | शेर बहादुर वि.सी | सदस्य सचिव | | |

**कर्मचारीहरु**

| | | | | |
|---|---|---|---|---|
| १ | धनेन्द्र श्रेष्ठ | योजना शाखा | | |
| २ | राम जनम चौधरी | ॥ | कैलारी गा।पा ३, कैलाली | |

Scanned with CamScanner

# पालुङ्टार नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## पालुङ्टार, गोरखा
### गण्डकी प्रदेश, नेपाल

विषयः शोक प्रस्ताव पारित गर्ने तथा क्षेतिपुर्ति उपलब्ध गराउने सम्वन्धमा ।

**कार्यपालिका बैठकमा पेश गर्न स्वीकृत मितिः २०८२-०६-०२**

१. विषयको संक्षिप्त व्यहोरा : २०८२ भाद्र २३ र २४ गते भएको पुस्ता जेट (Gen-Z) को शान्तिपुर्ण आन्दोलन हिंशात्मक हुन पुग्दा धेरै जनधनको क्षेति हुन पुगेकोले राष्ट्रलाई अपुरणिय क्षेति भएको प्रति दुःख व्यक्त गर्दै सम्पुर्ण घाईतेहरुको शीघ्र स्वास्थ्यलाभको कामना गर्दै शोक प्रस्ताव पारित गर्नु पर्ने भएको ।

२. प्राप्त परामर्श तथा अन्य प्रासंगिक कुराः देशमा व्याप्त भ्रष्ट्रचारको विरुद्ध तथा सामाजिक सञ्जाल बन्द विरुद्धमा युवाहरुले गरेको देशव्यापी आन्दोलनको क्रममा गोरखा जिल्लाको ३ जना युवाहरुको सहादत प्राप्त गर्नु भएको प्रति गहिरो समबेदना व्यक्त गर्दै यस नगरपालिका वडा नं ३ निवासी श्री रमेश पराजुली समेत सहिद हुनु भएकोले निजको परिवारलाई समावेदन सहित क्षेतपुर्ती बापत केही रकम सहयोग उपलब्ध गराउन उपयुक्त हुने देखिएकोले ।

३. प्रस्ताव पेश गर्नुको कारण र सम्बन्धित शाखाको सिफारिस : पालुङटार नगरपालिका वडा नं ३ निवासी स्व. रमेश पराजुलीको आर्थिक अवस्था समेत कमजोर रहेकोले निजलाई हार्दिक समावेदन सहित रु १००००० अक्षरुपी एक लाख उपलब्ध गराउनु उपयुक्त हुने देखिंएकोले ।

४. निर्णय हुनु पर्ने व्यहोरा :

पुस्ता जेट (Gen-Z) को आन्दोलनमा सहादत प्राप्त गर्नु भएको पालुङ्टार नगरपालिका वडा न ३ निवासी स्व. रमेश पराजुलीको आत्मको चिर शान्तीको कामना सहित शोक प्रस्ताव पारित गर्ने ।साथै निजको परिवारलाई रु एक लाख रुपयाँ सहयोग गर्ने।

शेर बहादुर बि.सी.
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

# पालुङ्टार नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## पालुङ्टार, गोरखा
गण्डकी प्रदेश, नेपाल

विषयः कार्यविधि तथा मापदण्ड संसोधनका लागि सैद्धान्तिक सहमती दिने सम्वन्धमा ।

कार्यपालिका बैठकमा पेश गर्न स्वीकृत मितिः २०८२-०६-०२

१. **विषयको संक्षिप्त व्यहोरा :** पालुङटार नगरपालिका नगर कार्यपालिकाबाट पारित भएको विभिन्न विषयका कार्यविधिहरुको कार्यान्वयन गर्दा केही दफा संसोधन गर्नु पर्ने देखिएकोले सो कार्यविधिहरु संसोधनका लागि विधायन समिति र सम्वन्धीत शाखालाई पठाउनु पर्ने भएकोले ।

२. **प्राप्त परामर्श तथा अन्य प्रासंगिक कुराः** नेपालको संविधान तथा स्थानीय सरकार संचालन ऐन, २०७४ ले स्थानीय तहको कार्यक्षेत्र भित्र पर्ने अधिकारको कार्यान्वयनका लागि आवश्यक पर्ने कानुनको निर्माण र संसोधन गर्ने अधिकार नगर कार्यापालिका र नगरसभालाई प्रद्धान गरेको छ । आर्थिक व्यय थप हुने कार्यविधि बाहेकका अन्य कार्यविधिको हकमा नगर कार्यपालिकाको बैठकले निर्माण र संसोधन गर्ने अधिकार भएकोले कार्यपालिकाबाट पारित भएको कार्यविधिको संसोधनका लागि विधायन समितिमा छलफलमा पठाउनु पर्ने भएको ।

३. **प्रस्ताव पेश गर्नुको कारण र सम्बन्धित शाखाको सिफारिस :** नगरकार्यपालिका/नगरसभाले निर्माण गरि राजपत्रमा प्रकाशित भएको कानुनहरुको कार्यान्वयन गर्दा व्यवहारी समस्याहरु देखा परेकोले सोको संसोधन गरि कार्यान्वयन गर्नु पर्ने भएकोले प्रस्ताव पेश गरिएको साथै उक्त कानुनहरुको संसोधन गर्नु पर्ने दफाहरुको छलफलका लागि विधायन समितिमा पठाउन उपयुक्त देखिएकोले ।

४. **निर्णय हुनु पर्ने व्यहोराः** तपसिलको कार्यविधि तथा मापदण्डको संसोधन गर्न आवश्यक छलफल गरि नगर कार्यपालिकामा पेश गर्न विधायन समिति र सम्वन्धित शाखामा पठाउने ।

क) भूमि बैंक सञ्चालन कार्यविधि-२०८२

ख) कृषक समूह गठन तथा व्यवस्थापन कार्यविधि-२०८२

- उन्नत धान/मकै वीउ उत्पादन सहयोग कार्यक्रम संञ्चालनका लागि यस नगरपालिकामा रहेको दुई वटा वीउ उत्पादक समुहहरु लक्ष्मी बहुउद्धेश्यीय किसान समूह पा.न.पा ६ र भृकुटी वीउ उत्पादक कर्षक समूह पा.ने.पा ४ छनोट गरी निजहरुबाट कार्ययोजना माग गरी अर्को कार्यपालिका बैठकमा छलफलका लागि पेश गर्ने ।

शेर बहादुर वि.सी
प्रमुख प्रशासकीय अधिकृत

Scanned with C

# पालुङटार नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## पालुङटार, गोरखा
### गण्डकी प्रदेश, नेपाल

विषयः पालुङटार नगरपालिकामा तीन पाङ्ग्रे सवारी साधन सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२ कार्यान्वयन गर्ने सम्वन्धमा ।

**कार्यपालिका बैठकमा पेश गर्न स्वीकृत मितिः २०८२-०६-०२**

१. **विषयको संक्षिप्त व्यहोरा :** नगरपालिकाभित्र यातायात सेवालाई सहज बनाउन, तीन पाङ्ग्रे सवारी साधनलाई व्यवस्थित रुपले सञ्चालन गर्न आवश्यक देखिएकोले सोको सूचीकरण, नवीकरण र रुट इजाजत पत्रको समुचित व्यवस्थापन गर्न आवश्यक कार्यविधि बमोजिम रुट निर्धारण लगायतका अन्य निर्णयहरु गर्नु पर्ने भएको ।

३. **प्रास परामर्श तथा अन्य प्रासंगिक कुरा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ उपदफा (४) (ट) र पालुङटार नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी बनाएको तीन पाङ्ग्रे सवारी साधन सञ्चालन तथा व्यवस्थापन कार्यविधिको व्यवस्था अनुसार रुट निर्धारण, भाडा दर निर्धारण, इजाजत दिने संख्या निर्धारण लगायतका निर्णय गर्नु पर्ने भएको प्रस्ताव पेश गरिएको छ ।

३. **प्रस्ताव पेश गर्नुको कारण र सम्बन्धित शाखाको सिफारिस :** नगरपालिकाभित्र यातायात सेवालाई सहज बनाउन, तीन पाङ्ग्रे सवारी साधनलाई व्यवस्थित रुपले सञ्चालन गर्न आवश्यक देखिएकोले सोको सूचीकरण, नवीकरण र रुट इजाजत पत्रको समुचित व्यवस्थापन गर्न नगरकार्यपालिकाबाट कार्यविधि पारित भएकोमा विभिन्न थप निर्णयहरु गर्न सवारी साधन सञ्चालन तथा व्यवस्थापन समितिले पेश गरे बमोजिम निर्णय हुन मनासिव भएकोले ।

४. **निर्णय हुनु पर्ने व्यहोरा :**

- तीन पाङ्ग्रे सवारी साधन सञ्चालनका लागि तपसिलको रुट निर्धारण गर्ने ।

| क.स | छुट्टने स्थान | रुट | कैफियत |
|---|---|---|---|
| १ | ठाँटीपोखरी | १. ओख्ले<br>२. धाराचौतारो | |

शेर बहादुर बि.सी
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| | | ३. लुईटेल<br>४. ग्राउण्ड प्रहरी विट<br>५. पौवाटार | |
| २ | पौवाटार | १. सेरा<br>२. विमलनगर<br>३. बिरुवाटार | |
| ३ | बिरुवाटार | १. फेदी जुडीखोला<br>२. रातमाटे<br>३. दुबार<br>४. नयाँपुल | |
| ४ | रातमाटे | १. बन्चरे दुबार नयाँपुल<br>२. अकला<br>३. सत्रसय<br>४. बिरुवाटार<br>५. मुलावारी | |
| ५ | सेरा. | १. पौवाटार<br>२. बिर्दी | |
| ६ | ढुङ्गेटारी | १. सेरा<br>२. सातदोबाटो<br>३. १० किलो<br>४. भट्टवेशी | |
| ७ | सातदोबाटो | १. पाउरोटी भण्डार<br>२. लुईटेल<br>३. जोगी ड्हिी<br>४. ढुङ्गेटारी<br>५. छेपेटार पुल<br>६. जोर्ती चौतारा | |
| ८ | जोर्दी चौतीरो | १. वडा नं १ को वडा कार्यालय<br>२. बिमिरे<br>३. सातदोबाटो | |

Scanned with CamScanner

- नगरपालिका भित्र रुट निर्धारण गरिएको स्थानमा अधिकतम ५० बटा तीन पाङ्ग्रे सवारीलाई रुट इजाजत दिने ।
- सवारी साधान सूचीकरण गर्नका लागि १५ दिने सूचना प्रकाशन गर्ने।
- सवारी साधानको भाडादर निर्धारणका लागि अन्य सिमाना जोडिएको स्थानीय सरकारको क्षेत्रमा लागु भएको भाडादर अध्ययन गरि उपयुक्त भाडादर निर्धारण गर्न समितिलाई अधिकार प्रत्यायोजन गर्ने ।

Scanned with

# पालुङ्टार नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## पालुङ्टार, गोरखा
### गण्डकी प्रदेश, नेपाल

विषय: चाडपर्व लक्षित सडक सरसफाई गर्ने सम्वन्धमा ।

कार्यपालिका बैठकमा पेश गर्न स्वीकृत मिति: २०८२-०६-०२

१. विषयको संक्षिप्त व्यहोरा : नेपालीहरुको महान् चाडपर्व वडा दशै, तिहार तथा छठको अवसरमा धेरै नगरबासीहरुको चहलपहल हुने तथा बर्खाका कारण ग्रामिण सडकहरु क्षेतिग्रस्त भएकोले सडकहरु मर्मत सम्भार गर्नु पर्ने ।

२. प्राप्त परामर्श तथा अन्य प्रासंगिक कुरा : नेपालीहरुको महान् चाडपर्वहरु वडा दशै तिहार नेपाल सम्वत् लगायत नजिकिए सँगै नगरबासीहरुको चहलपहलमा वृद्धि हुने तथा बर्खाको समाप्ति सँग पानी पर्न रोकिएकोले नगरपालिकाको मुख्य मुख्य सडकहरु सरसफाई गर्नु पर्ने भएकोले ।

३. प्रस्ताव पेश गर्नुको कारण र सम्बन्धित शाखाको सिफारिस : नगरपालिका भित्रका विभिन्न सडक बर्खाका कारण सवारीसाधन चल्न नसक्ने अवस्थामा रहेको देखिन्छ, चाडपर्वको समयमा नगरबासीको चहलपहल साविकको भन्दा बढि हुने र अब थप बर्षा हुने सम्भावना कम रहेकोले सडक सरसफाई गरी सवारी साधान सहज आवतजावत गर्ने वातावरण निर्माणका लागि यो प्रस्ताव पेश गरिएको छ ।

४. निर्णय हुनु पर्ने व्यहोरा :

- नगरपालिकाको मुख्य मुख्य सडकहरु मध्ये ठेक्का लागेका सडक खण्डहरुको सरसफाई गर्न सम्वन्धित निर्माण व्यवसायीलाई अनुरोध गर्ने ।
- ठेक्का सम्झौता नभएका अन्य सडक खण्डहरुमा वडा कार्यालय मार्फत विनियोजन भएको मौसमजन्य सडक सरसफाईका लागि बिनियोजन भएको खर्च शिर्षकबाट सडक सरसफाई गर्ने, वडा कार्यालय मार्फत विनियोजन भएको रकमबाट सडक सरसफाई गर्न रकम अपुग भएमा नगरपालिकाबाट विनियोजन भएको मर्मत सम्भार शिर्षकबाट खर्च गर्ने गरि कार्य गर्ने निर्णय गरियो ।

CS Scanned with CamScanner

# पालुङ्टार नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## पालुङ्टार, गोरखा
### गण्डकी प्रदेश, नेपाल

बिषय : स्थानीय तहमा सुरक्षित आप्रवासन (सामी ) कार्यक्रम संचालन वडा छनोट गर्ने सम्वन्धमा ।

कार्यपालिका बैठकमा प्रस्ताब पेश गर्न नगर प्रमुखबाट स्वीकृत प्राप्त मिति : २०८२/०६/३०२

१. बिषयको संक्षिप्त व्यहोरा :

बैदेशिक रोजगारीमा गएका परिबारका सदस्यहरुलाई गरिबी तथा सम्बृद्धिका अबधारणासँग सुसुचित गराउने , वित्तीय साक्षरताको ज्ञान तथा सिप प्रदान गरि पारिबारिक बजेट आम्दानि तथा खर्च ब्यबस्थापन गर्न लगाई बचत वृद्धि प्रबन्धन गर्ने ,उपलब्ध वित्तीय स्रोत , साधन र प्रविधिलाई समुचित परिचालन गरि आयमुलक क्षेत्रमा लगानी प्रबन्धन गरि दिर्घकालिन सम्बृद्धि तर्फ उन्मुख गर्ने , आफ्नो परिबार ब्यबथापन गदै बैदेशिक रोजगारीले सिर्जना गर्ने मनोसामाजिक समस्या समाधानमा सहयोग गर्ने कार्यका लागि नेपाल सरकार र पालुङटार नगरपालिका कार्यालयको सहकार्यमा सुरक्षित आप्रवासन सामी कार्यक्रम संचालन गर्दै आएको ।

२. **प्राप्त परामर्श तथा अन्य प्रासंगिक कुराः** कार्यविधिमा तोकेअनुसार क्षेत्र ( वडा ) छनौट गर्नु पर्ने भएको र वडा छनोट गर्दा बैदेशिक रोजगारबाट विप्रेषण प्राप्त गरिरहेका घर परिबारका संख्या अधिक भएको क्षेत्र हुनुपर्ने साथै कक्षामा सहभागी हुने व्यक्तिहरु मध्ये न्युनतम ८०% जनजाति , दलित , सिमान्तकृत व्यक्तिहरुलाई समेट्नुपर्ने प्रावधान रहेको ।

३. **प्रस्ताव पेश गर्नुको कारण र सम्बन्धित शाखाको सिफारिस :** पालुङटार नगरपालिका कार्यालयमा सुरक्षित आप्रवासन सामी कार्यक्रम संचालन गर्नका लागि कार्यविधिले तोकेको प्रावधन पुरा हुने गरि यस नगरपालिकाको दुई वडाहरुलाई कार्यक्रम संचालनका लागि छनोट गर्नु पर्ने भएकोले ।

४. **निर्णय हुनु पर्ने व्यहोराः** पालुङटार नगरपालिका वडा नं ९ र ७ मा सुरक्षित आप्रवासन सामी कार्यक्रम अन्तर्गत वित्तिय साक्षरता कक्षा संचालन गर्ने ।

Scanned with CamScanner

# पालुङ्टार नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## पालुङ्टार, गोरखा
### गण्डकी प्रदेश, नेपाल

विषयः स्थानीय हाटबजार संचालन तथा व्यवस्थापन कार्यविधि, २०८१ संसोधन गर्ने सम्बन्धमा ।

कार्यपालिका बैठकमा पेश गर्न स्वीकृत मितिः २०८२-०६-०२

१. विषयको संक्षिप्त व्यहोरा : नगरपालिकाभित्र स्थायी संरचना निर्माण भई सकेको कृषि हाटबजारको प्रभाकारी संचालन र स्थानीय स्तरमा उत्पादित कृषि उपजहरुको वजारीकरण प्रवर्द्धन गर्ने कार्यका लागि पालुङटार नगरपालिकाको स्थानीय हाटबजार संचालन तथा व्यवस्थापन कार्यविधि, २०८१ बमोजिम स्थानीय हाटबजार को संचालन तथा व्यवस्थका लागि आवश्यक निर्णयहरु गर्नु पर्ने भएको ।

२. प्राप्त परामर्श तथा अन्य प्रासंगिक कुरा : स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११ उपदफा (४) (ट) र पालुङटार नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन,२०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी बनाएको स्थानीय हाटबजार संचालन तथा व्यवस्थापन कार्यविधि,२०८१ बमोजिम आबस्यक शंशोधन तथा निर्णय लगायतका निर्णय गर्नु पर्ने भएको प्रस्ताव पेश गरिएको छ ।

३. प्रस्ताव पेश गर्नुको कारण र सम्बन्धित शाखाको सिफारिस :

१. नगरपालिकाभित्र स्थानीय स्तरमा उत्पादित कृषि उपजहरुको वजारीकरण प्रवर्द्धन गर्ने कार्यका लागि पालुङटार नगरपालिकाले यहि मिति २०८२ आश्विन ९ गते उद्घाटन गर्न लागेको कृषि हाटबजार नगरपालिकाको स्थानीय हाटबजार संचालन तथा व्यवस्थापन कार्यविधि २०८१ को दफा ८ को (ग) को उपदफा (१) बमोजिम गठित समिति मार्फत हाटबजारमा प्रविष्ट भएको कृषि तथा पशुजन्य उत्पादन तथा उपजहरुको बिक्रि भई बाँकी रहेका (Perishable Product) छिटो बिग्रिने कृषि उपजहरुको न्युनतम समर्थन मुल्य निर्धारण गर्ने र उक्त परिमाणको रकम नगरपालिकाले सम्बन्धित कृषकहरुलाई भुक्तानी दिने । साथै नगरपालिकाले समेत उक्त उपजको बिक्रि व्यवस्थापन गर्न नसकेको खण्डमा उक्त उपजको परिमाण एकिन गरी मुचुल्का तयार गरी डिस्पोज गर्ने कार्य समेत उक्त समिति लाई अधिकार प्रदान गर्ने ।

२. स्थानीय हाटबजारको शुरुवाती चरणमा रहेको र कृषि उपजहरुको उल्लेख्य सहभागिताका लागी व्यापक प्रचारप्रसार तथा हाटबजारको होर्डिङ्ग बोर्ड निर्माण गर्न र कृषकहरुको पायक पर्ने स्थानहरुबाट उपजहरुको ढुवानी (ल्याउने र बिक्रि नभएको तर फिर्ता गर्न मिल्ने उपज फिर्ता लैजाने) कार्यका लागि तोकिएका स्थानहरुबाट गाडि व्यवस्थापन गर्न लाग्ने रकम स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११ उपदफा (४) (ट) र पालुङटार नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन,२०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी कार्यविधिको संशोधन मस्यौदा कार्यपालिकामा पेश गर्नको लागि यो प्रस्ताव पेश गरिएको छ ।

४. निर्णय हुनु पर्ने व्यहोरा :

| क्र.सं. | शंशोधन गर्नुपर्ने दफा | मौजुदा व्यवस्था | हुनुपर्ने व्यवस्था | कैफियत |
|---|---|---|---|---|

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| १ | २०८१ को दफा ८ को (ग) को उपदफा (१) | मुल्य निर्धारण समिति | न्युनतम् मुल्य निर्धारण समितिको काम कर्तव्य थप गर्ने<br><br>क) कृषि तथा पशुजन्य उत्पादन तथा उपजहरुको बिक्रि भई बाँकी रहेका (Perishable Product) छिटो बिग्रिने कृषि उपजहरुको न्युनतम समर्थन मुल्य निर्धारण गर्ने र उक्त परिमाणको रकम नगरपालिकाले सम्बन्धित कृषकहरुलाई भुक्तानी दिने । साथै नगरपालिकाले समेत उक्त उपजको बिक्रि व्यवस्थापन गर्न नसकेको खण्डमा उक्त उपजको परिमाण एकिन गरी मुचुल्का तयार गरी डिस्पोज गर्ने ।<br><br>ख) कृषकहरुको पायक पर्ने स्थानहरुबाट उपजहरुको ढुवानी (ल्याउने र बिक्रि नभएको तर फिर्ता गर्न मिल्ने उपज फिर्ता लैजाने) कार्यका लागि तोकिएका स्थानहरुबाट गाडि व्यवस्थापन गर्न लाग्ने रकम नगरपालिकाले भुक्तानी गर्ने । | काम कर्तव्य अधिकार थप गर्ने । |
| २ | २०८१ को दफा ८ को (ग) को उपदफा (१) | मुल्य निर्धारण समिति | उपदफा २ र ३ खारेज गर्ने । | काम कर्तव्य अधिकार थप भएकोले |
| ३ | दफा ४ | संचालन तथा व्ववस्थापन समितिको काम कर्तव्य अधिकार (थप) | क) नगरपालिका आफैले सञ्चालन गर्ने अवस्थामा संचालन तथा व्यस्थापनमा लाग्ने सबै चालु तथा पुँजीगत तर्फ लाग्ने खर्च नगरपालिकाले गर्ने।<br><br>ख) कृषकहरुको पायक पर्ने स्थानहरुबाट उपजहरु (Perishable Product) को ढुवानी (ल्याउने र बिक्रि नभएको तर फिर्ता गर्न मिल्ने उपज फिर्ता लैजाने) कार्यका लागि तोकिएका स्थानहरुबाट गाडि व्यवस्थापन गर्न लाग्ने रकम नगरपालिकाले व्यहोर्ने । | उपदफा ढ पछाडी थप गर्ने |
| ४ | दफा थप | उत्पादनमा आधारित प्रोत्साहान रकम उपलब्ध गराउन सकिने | कृषकले उत्पादन गरेको कृषि उपज हाटबजारको स्टलबाट बिक्रि वितरण गरेको आधारमा मुल्य निर्धारण समितिले आवस्यक निर्णय गराई कार्यपालिकामा अनुमोदन गरी प्रोसाहन रकम उपलब्ध गराउन सकिने । | |

CS Scanned with CamScanner

# पालुङ्टार नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

पत्र संख्याः २०८२-८३
चलानी नम्बर

पालुङ्टार
गण्डकी प्रदेश

मिति :

**विषय : पालुङ्टार नगरपालिका वडा नं ७ मा रहेको low cost building को उपयोग सम्वन्धमा ।**

**कार्यापालिका बैठकमा पेश गर्न स्वीकृत मितिः २०८२-०६-०२**

**१. विषयको संक्षिप्त व्यहोरा :**

पालुङ्टार नगरपालिका वडा नं ७ साविक च्याङ्ली गाउँ विकास समिति वडा नं ९मा रहेको नेपाल सरकारको नाममा दर्ता कायम रहेको कि न १२४२ मा संघीय सरकारबाट ३ वटा भवनहरु निर्माण भई पालुङ्टार नगरपालिकालाई हस्तान्तरण भएको तर उक्त भवनको उपयोगिताको संम्वन्धमा विभिन्न सरकारी तथा गैर सरकारी संघ सस्थासँग छलफल भएको ।

**२. प्राप्त परामर्श तथा अन्य प्रासंगिक कुरा :**

नगरपालिका कार्यालयलाई हस्तान्तरण भई उपयोग विहिन बनेको भवन प्रयोगका लागि आवश्यक व्यवस्था मिलाई दिन सशस्त्र प्रहरी बल नेपालको चलानी नम्बर ७८ मिति २०८२।०५।०८ को पत्र प्राप्त भएकोले उक्त भवन रहेको जग्गा सशस्त्र प्रहरी बल नेपालको नाममा प्रचलित कानुन बमोजिम हस्तान्तरण गर्ने प्रक्रिया अघि बढाउने गरि सो जग्गा निर्माण भएको भवन समेत उपयोग गर्न दिन उपयुक्त हुने देखिएकोले ।

**३. प्रस्ताव पेश गर्नुको कारण र सम्वन्धित शाखाको सिफारिस :**

लामो समय देखि प्रयोग विहिन भएको र त्यसरी प्रयोग नगरि राख्दा भवन थप क्षति हुन सक्ने देखिएकोले निश्चित शर्तमा रही समझदारी पत्रमा हस्ताक्षर गरि भवन हस्तान्तरण गर्दा भवनको उपयोग समेत हुने तथा सशस्त्र प्रहरी बल नेपालको कार्यालय स्थापना भएमा आर्थिक कारोवार वृद्धि भई स्थानीय उत्पादन विक्रवितरण गर्न समेत सहजहुने देखिएकोले कार्यापालिका बैठकबाट निर्णय हुन आवश्यक देखि प्रस्ताव पेश गरिएको ।

**४. निर्णय हुनु पर्ने व्यहोरा :**

पालुङ्टार नगरपालिका वडा नं ७ मा रहेको भवन(**Low Cost Building**) सशस्त्र प्रहरी बल नेपाललाई भौतिक सम्पतीको संरक्षण रेखदेख र उपयोगको जिम्मेवारी बहन गर्नेगरि सार्वजनिक जग्गा तथा भवनको उपयोग सम्वन्धी प्रचलित कानूनको अधीनमा रही **MOU** गरी हस्तान्तरण गर्ने ।

शेर बहादुर बि.सी
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner